ऐन सङ्ख्याः

## पञ्चदेवल विनायक नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

# आर्थिक ऐन, २०७८

नगरसभाबाट पारित मितिः २०७८/०३/१०


पञ्चदेवल विनायक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल


**आर्थिक वर्ष २०७८/७९**

## उद्देश्य र कारण

पञ्चदेवल विनायक नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, गैर कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना लगाउन, लगाई राखेकोलाई निरन्तरता दिन, हेरफेर गर्न तथा राजश्व प्रशासन सञ्चालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले विविध कर, सेवा शुल्क र दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर, सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क र दण्ड जरिवाना लगायतका शुल्क, दस्तुर र करहरुको दर तथा दायराको निर्धारण गरी त्यस्तो कर लगाउने वा आंशिक वा पूरै छुट दिने, दस्तुरको दर बढाउने, घटाउने, व्यवस्थाको साथसाथै राजश्व प्रशासन सञ्चालन सम्बन्धी व्यवस्थालाई समेत समयानुकुल परिमार्जन एवं निर्धारण गरिएको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(अम्बिका चलाउने)**
**नगर उपप्रमुख**
**पञ्चदेवल विनायक नगरपालिका**

## पञ्चदेवल विनायक नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक आर्थिक ऐन, २०७८

**नगरसभाबाट स्वीकृत मितिः २०७८/०३/१०**

**प्रस्तावना:**

पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २३० बमोजिम पञ्चदेवल विनायक नगरपालिकाको सातौं नगरसभाले यो ऐन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक ऐन, २०७८**" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखी पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

२. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिने छ ।

३. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिदा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिने छ ।

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम कर लगाइने र असूल उपर गरिने छ ।

५. **जडिबुटी, काइनेटिङ्ग, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, वनकस, कवाडी माल, काइनेटिङ्ग ढुङ्गा र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र ३ पाङ्ग्रे अटो रिक्सा सञ्चालन गर्दा अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ र नगरपालिकाले लगाउने अन्य विज्ञापनको लागि अनुसूची (६) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **मनोरञ्जन करः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (७) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०. मदिरा सम्बन्धी शुल्क जरिवानाः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र अवैध मदिराको उत्पादन रोक्न र नियन्त्रण गर्न  अनुसूची (८) बमोजिम शुल्क जरिवाना लगाइने छ ।

**११. बहाल बिटौरी शुल्कः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१२. पार्किङ शुल्कः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएबापत अनुसूची (१०) बमोजिमको पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. ऱ्याफ्टीङ्ग शुल्कः** पञ्चदेवल विनायक नगरपालिकाले आफ्नो क्षेत्रभित्र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्कः** पञ्चदेवल विनायक नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुका लागि सेवा शुल्क प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६. कर तथा संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१७. बाधा अडकाउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आई परेमा पञ्चदेवल विनायक नगरपालिका, नगर कार्यपालिकालाई बाधा अडकाउ फुकाउने अधिकार रहने छ ।

## अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने भूमि कर (मालपोत)**

| सि.नं. | जग्गाको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | अब्बल जग्गा प्रति रोपनी (५०६ वर्ग मिटर) | २५ | मालपोत नतिरेकोमा प्रति वर्षको ३५% का दरले थप जरिवाना लाग्नेछ । |
| २. | दोयम जग्गा प्रति रोपनी | २० | |
| ३. | सिम जग्गा प्रति रोपनी | २५ | |
| ४. | चाहार जग्गा प्रति रोपनी | १० | |
| ५. | घर नक्सा पास (प्रति वर्ग फिट) | रु. ५ | |
| ६. | मध्यपहाडी विनायक स्वास्थ्य चौकी देखि पञ्चदेवल क्यापससम्मको प्रति आना | रु. २० | |

## अनुसूची–२

(दफा ३ सँग सम्बन्धित)

### नगरपालिकाले लगाउने घर बहाल कर

| सि.नं. | घरको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | पक्की घर (संघ–संस्था र व्यवसायको हकमा) | १०% | |
| २. | पक्की घर (व्यक्तिगत भाडाको हकमा) | ७% | |
| ३. | कच्ची घर | ५% | |

## अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

### नगरपालिकाले लगाउने व्यवसाय कर

| सि नं | शिर्षक | व्यवसाय वर्गीकरण | आ. व. २०७८/७९ आवद्धता सङ्ख्या | राजश्व आवद्धता शुल्क दर रु. | जम्मा आवद्धता रकम रु. | नवीकरण संख्या | गत आ.व.को नवीकरण शुल्क दर रु. | चालु आ.व. को नवीकरण शुल्क दर रु. | जम्मा नवीकरण रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक करहरु | दैनिक उपभोग्यका खाद्य पदार्थ बेच्ने किराना पसल १ देखि ३ लाख सम्मका | ८० | १००० | ८०००० | २४ | ५०० | ३७५ | ९००० |
| २ | | दैनिक उपभोग्य का खाद्य पदार्थ बेच्ने किराना पसल ३ देखि ५ लाख सम्मका | २० | १५०० | ३०००० | ८ | ७५० | ५६३ | ४५०४ |
| ३ | | दैनिक उपभोग्यका खाद्य पदार्थ बेच्ने किराना पसल ५ लाख देखि माथी | १५ | २५०० | ३७५०० | ३ | १५०० | ११२५ | ३३७५ |
| ४ | | फलाम, सिमेन्ट, कर्कटपाता हार्डवेयर तथा भाँडाकुँडा पसल | १० | ३००० | ३०००० | ५ | २००० | १५०० | ७५०० |
| ५ | | सुन चाँदी गहना पसल | ७ | २००० | १४००० | १० | १००० | ७५० | ७५०० |
| ६ | | कस्मेटिक पसल | १० | १००० | १०००० | ९ | ७०० | ५२५ | ४७२५ |
| ७ | | लुगा सिउने, कपाल काट्ने र कपडा धुने पसल | २५ | १००० | २५००० | ६ | ५०० | ३७५ | २२५० |
| ८ | | लत्ता–कपडा, थान कपडा, रेडिमेट कपडा र जुत्ता–चप्पल पसल | ३० | १५०० | ४५००० | ९ | १००० | ७५० | ६७५० |
| ९ | | आइस्क्रिम तथा जुस पसलहरु | ५ | ५०० | २५०० | १ | २५० | १९० | १९० |
| १० | | ग्याँस डिपो | १० | ३००० | ३०००० | १ | २००० | १५०० | १५०० |
| ११ | | घडी, रेडीयो, क्यामरा, टि.भि., फ्रिज, फोटो स्टुडियो तथा मोबाइल र विधुतिय सामान वेच्ने पसल | १५ | १००० | १५००० | ५ | ५०० | ३७५ | १८७५ |
| १२ | | चिया तथा भोजनालय | ४० | ७०० | २८००० | ११ | ५०० | ३७५ | ४१२५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | | छापाखाना | २ | २००० | ४००० | १ | १००० | ७५० | ७५० |
| १४ | | स्टेशनरी तथा पत्रपत्रिका बेच्ने पसल | १० | १००० | १०००० | ९ | ५०० | ३७५ | ३३७५ |
| १५ | | कविराज, चिकित्सक, ईन्जिनियर, कानुन व्यवसाय र लेखा परीक्षक | १० | २००० | २०००० | ३ | १००० | ७५० | २२५० |
| १६ | | फार्मेसी, एग्रोभेट र अन्य मेडिकलहरु | १० | २००० | २०००० | ७ | १००० | ७५० | ५२५० |
| १७ | | गैरसरकारी संस्थाहरुको कार्यक्रम प्रवेश अनुमति शुल्क | १० | २००० | २०००० | १० | ० | ० | ० |
| १८ | | बैंकिङ्ग र वित्तिय संस्था | ५ | ५००० | २५००० | २ | २५०० | १८७० | ३७४० |
| १९ | | बचत, ऋण तथा विषयगत सहकारी संस्थाहरु | २१ | १००० | २१००० | २१ | ५०० | ३७५ | ७८७५ |
| २० | | कृषक समुह, सामुदायिक संस्था तथा व्यवसायिक फर्महरु | २५ | १००० | २५००० | १६ | ५०० | ३७५ | ६००० |
| २१ | | दुग्ध व्यवसाय र चिज उद्योग | २ | १५०० | ३००० | १ | २५० | ७५० | ७५० |
| २२ | | व्यवसायिक तालिम केन्द्र | २ | १५०० | ३००० | १ | १००० | ७५० | ७५० |
| २३ | | घरेलु तथा साना उद्योग-कुटानी, पिसानी, मिल, फर्निचर र ग्रील उद्योग | १० | १५०० | १५००० | ४ | १००० | ७५० | ३००० |
| २४ | | निर्माण व्यवसायी सूचिकृत | १० | ५००० | ५०००० | १२ | २५०० | १८७५ | २२५०० |
| २५ | | मासु पसल तथा फ्रेस हाउस | २० | २००० | ४०००० | ८ | १००० | ७५० | ६००० |
| २६ | | वर्क सप | ३ | ३००० | ९००० | १ | १५०० | ११२५ | ११२५ |
| २७ | | कम्प्युटर इन्स्टिच्युट तथा साईबर | २ | १००० | २००० | २ | ७५० | ५६३ | ११२६ |
| २८ | | पेट्रोल डिजेल ड्रम वाला | ७ | ३००० | २१००० | २ | २००० | १५०० | ३००० |
| २९ | | तरकारी तथा फलफुल पसल | २० | १००० | २०००० | ५ | ५०० | ३७५ | १८७५ |
| ३० | | होटल व्यवसाय | १० | ३००० | ३०००० | ७ | २००० | १५०० | १०५०० |
| ३१ | | वर्गीकरणमा नपरेका १ लाख सम्मका अन्य | २० | ५०० | १०००० | ११ | २५० | १९० | २०९० |
| ३२ | | मदिरा पसल ३ लाख सम्म | १० | ४००० | ४०००० | ८ | २५०० | १८७५ | १५००० |
| ३३ | | मदिरा पसल ३ लाख देखि माथि | १० | ५००० | ५०००० | ७ | ३००० | २२५० | १५७५० |
| ३४ | | समिल आरा मेसिन व्यवसाय | १५ | १०००० | १५०००० | २ | - | ७५०० | १५००० |
| ३५ | | सवारी साधन ३ पाङ्ग्रे अटो रिक्सा | ५ | ३००० | १५००० | २ | - | २००० | ४००० |
| **जम्मा रु.** | | | | | **९५००००** | | | | **१८५०००** |

## अनुसूची–४
(दफा ५ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने जडिबुटी, काइनेटिङ्ग, कवाडी र जीवजन्तु कर**

| सि.नं. | करको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | जडिबुटी र काइनेटिङ्ग ढुङ्गा | प्रति के.जी. रु. ५० | |

## अनुसूची–५
(दफा ६ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने सवारी साधन कर**

| सि.नं. | सवारी साधनको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | ३ पाङ्ग्रे अटो रिक्सा | प्रति रु. २००० | |

## अनुसूची–६
(दफा ७ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने विज्ञापन कर**

| सि.नं. | विज्ञापनको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | होडिङ्ग बोर्ड १० वर्गफिटसम्मका लागि | प्रति वर्गफिट रु. २० | |
| २. | होडिङ्ग बोर्ड २० वर्गफिटसम्मका लागि | प्रति वर्गफिट रु. ३० | |
| ३. | विद्युतीय वा टेलिफोनका पोलमा राखेका बोर्डहरु | प्रति बोर्ड रु. ३५० | |
| ४. | फ्लेक्स प्रिन्ट ब्यानर तथा विज्ञापनमा १० वर्गफिटसम्मलाई | प्रति वर्गफुट रु. ५०० | |
| ५. | फ्लेक्स प्रिन्ट ब्यानर तथा विज्ञापनमा १० वर्गफिट भन्दा माथि | प्रति वर्गफुट रु. ८०० | |
| ६. | अस्थायी रुपमा पोलमा लगाइने ब्यानर | प्रति दिन रु. १० | |
| ७. | अस्थायी रुपमा सडक वारपार लगाइने ब्यानर | प्रति दिन र. २० | **यस्तो ब्यानर बढीमा २० दिनसम्म मात्र लगाउन पाइनेछ ।** |

## अनुसूची–७
(दफा ९ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने सेवा शुल्क दस्तुर**

| सि.नं. | विवरण | गत आ.व. २०७७/७८ | चालु आ.व. २०७८/७९ | कैफियत |
|---|---|---|---|---|
| १ | निवदेन दस्तुर | प्रति रु. ५० | प्रति रु. ५० | |
| २ | अंग्रेजीमा गरिने सिफारिस | प्रति रु. २५० | प्रति रु. २५० | |

| नेपालीमा गरिने निम्न अनुसारका दस्तुरहरु | | | | |
|---|---|---|---|---|
| ३ | नागरिकता सिफारिस | प्रति रु. १०० | प्रति रु. १०० | |
| ४ | नागरिकता प्रतिलिपी सिफारिस | प्रति रु. १५० | प्रति रु. १५० | |
| ५ | नाता प्रमाणित | प्रति रु. १५० | प्रति रु. १५० | |
| ६ | नाता कायम | प्रति रु. १०० | प्रति रु. १०० | |
| ७ | पारिवारिक विवरण | प्रति रु. १५० | प्रति रु. १५० | |
| ८ | बसोवास प्रमाणित | प्रति रु. २०० | प्रति रु. २०० | |
| ९ | नाबालक सिफारिस | प्रति रु. १०० | प्रति रु. १०० | |
| १० | जन्म मिति प्रमाणित | प्रति रु. १५० | प्रति रु. १५० | |
| ११ | वैवाहिक सम्बन्ध प्रमाणित | प्रति रु. २०० | प्रति रु. २०० | |
| १२ | अविवाहित प्रमाणित | प्रति रु. २०० | प्रति रु. २०० | |
| १३ | व्यक्तिगत तथा चारित्रिक प्रमाणित | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| १४ | सम्बन्ध विच्छेद प्रमाणित | प्रति रु. १,००० | प्रति रु. १,००० | |
| १५ | खानेपानी, विद्युत मिटर, टेलिफोन जडान, नामसारी, ठाँउसारी र आवासिय | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| १६ | व्यवसायिक सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| १७ | प्रति रुख कटान सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| १८ | घरेलु तथा साना उद्योग सर्जमिन, सिफारिस | प्रति रु. १,००० | प्रति रु. १,००० | |
| १९ | मझौला उद्योग सिफारिस | प्रति रु. ३,००० | प्रति रु. ३,००० | |
| २० | व्यावसाय बन्द तथा नाम परिवर्तन | प्रति रु. १,००० | प्रति रु. १,००० | |
| २१ | वडा सर्जमिन सिफारिस मुचुल्का | प्रति रु. २५० | प्रति रु. २५० | |
| २२ | होटल दर्ता सिफारिस | प्रति रु. १५०० | प्रति रु. १५०० | |
| २३ | बसाइसराइँ सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| २४ | माथि उल्लेखित शीर्षकमा नपरेका सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| **चार किल्ला प्रमाणित** | | | | |
| २५ | पहिलो कित्ता १ रोपनी | प्रति रु. २५० | प्रति रु. २५० | |
| २६ | पहिलो कित्ता पछि थप प्रति रोपनी | प्रति रु. ५० | प्रति रु. ५० | |
| २७ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| २८ | न्यायिक समितिमा उजुरी दस्तुर | प्रति रु. २०० | प्रति रु. २०० | |

| | | | | |
|---|---|---|---|---|
| २९ | मिलापत्र दस्तुर मेलमिलाप केन्द्रमा | प्रति रु. १,००० | प्रति रु. १,००० | |
| ३० | जग्गा नामसारी तथा अंशबण्डा सिफारिस | प्रति रु. ३५० | प्रति रु. ३५० | |
| ३१ | **जग्गा दर्ता खरिद बिक्री सिफारिस** | | | |
| (क) | विनायक स्वास्थ्य चौकीदेखि पञ्चदेवल क्याम्पससम्म प्रति सिफारिस | प्रति रोपनी रु. ५०० | प्रति सिफारिस रु. ६५० | |
| (ख) | वडा नं. १ देखि ९ सम्मै ग्रामिण सडकले छोएको ठाँउमा प्रति सिफारिस | प्रति रोपनी रु. २०० | प्रति सिफारिस रु. ३०० | |
| (ग) | वडा नं. ४ को दोबाटादेखि बेलखेतसम्म प्रति सिफारिस | प्रति रोपनी रु. ३०० | प्रति सिफारिस रु. ४०० | |
| (घ) | अन्य | प्रति रोपनी रु. १५० | प्रति सिफारिस रु. २०० | |
| ३२ | राजीनामा बकसपत्र सिफारिस | प्रति रु. ५०० | प्रति रु. ६०० | |
| ३३ | घरबाटो सिफारिस एक कित्ता | प्रति रु. ३०० | प्रति रु. ३५० | |
| ३४ | घरबाटो सिफारिस एक कित्ता थप प्रति एक कित्ता | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| ३५ | अमिन खटन दस्तुर प्रति कित्ता | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| ३६ | घर नक्शा नामसारी सिफारिस | प्रति रु. ५०० | प्रति रु. ७०० | |
| ३७ | घरजग्गा मूल्याङ्कन १ लाखसम्मको | प्रति रु. २०० | प्रति रु. ३०० | |
| ३८ | घरजग्गा मूल्यांकन थप प्रति लाखको | प्रति रु. १०० | प्रति रु. १५० | |
| ३९ | नक्सा पास फारम दस्तुर | प्रति रु. ५०० | प्रति रु. ६५० | |
| ४० | आयस्रोत प्रमाणित लाखसम्म | प्रति रु. ५०० | प्रति रु. ७५० | |
| ४१ | आयस्रोत प्रमाणित थप प्रति लाख | प्रति रु. १५० | प्रति रु. १५० | |
| ४२ | निजी विद्यालय अपग्रेड | प्रति रु. ३,००० | प्रति रु. ३,००० | |
| ४३ | आधारभूत विद्यालय अपग्रेड | प्रति रु. १५०० | प्रति रु. २००० | |
| ४४ | माध्यामिक विद्यालय अपग्रेड | प्रति रु. २००० | प्रति रु. २५०० | |
| ४५ | तलब प्रमाणित सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| ४६ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | प्रति रु. १५० | प्रति रु. २०० | |
| ४७ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | प्रति रु. २०० | प्रति रु. ५०० | |
| ४८ | व्यक्तिगत घटना दर्ता र नागरिक अभिलेख दर्ता किताब हेरेको | - | प्रति रु. २०० | |
| ४९ | चौपाया निकास दस्तुर भेडा बाख्रा | प्रति रु. १५० | प्रति रु. १५० | |

| | | | | |
|---|---|---|---|---|
| ५० | विभिन्न समूह, संघ, संस्था, क्लब, इन्स्टिच्युट आदि दर्ता सिफारिस | प्रति रु. १००० | प्रति रु. १००० | |
| ५१ | ग्रिल उद्योग सिफारिस | प्रति रु. २,००० | प्रति रु. २,००० | |
| ५२ | कुटानी-पिसानी मिल दर्ता सिफारिस | प्रति रु. २,००० | प्रति रु. २,००० | |
| ५३ | कुटानी-पिसानी मिल बिक्री, खारेजी, ठाउँसारी र नामसारी सिफारिस | प्रति रु. २,००० | प्रति रु. २,००० | |
| ५४ | समिल (डिजेलबाट चल्ने आरा मेसिन) काठ चिरानी दर्ता सिफारिस | प्रति रु. १५,००० | प्रति रु. ५००० | |
| ५५ | डेरी उद्योग दर्ता सिफारिस | प्रति रु. १,००० | प्रति रु. १,००० | |
| ५६ | व्यक्तिगत व्यवसाय प्रति लाख नवीकरण सिफारिस | प्रति रु. २०० | प्रति रु. २०० | |
| ५७ | संस्था व्यवसाय नविकरण प्रति लाख सिफारिस | प्रति रु. ३०० | प्रति रु. ३०० | |
| ५८ | नामथर जन्ममिति संशोधन सिफारिस | प्रति रु. २०० | प्रति रु. २०० | |
| ५९ | व्यवसाय दर्ता रु. ५ लाख सम्म सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| ६० | व्यवसाय दर्ता रु. ५ लाखभन्दा माथि सिफारिस | प्रति रु. १,००० | प्रति रु. १,००० | |
| ६१ | व्यवसाय नवीकरण रु. ५ लाख सम्म सिफारिस | प्रति रु. २५० | प्रति रु. २५० | |
| ६२ | व्यवसाय नवीकरण रु. ५ लाखभन्दा माथि सिफारिस | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| ६३ | पिछडिएको सिफारिस दस्तुर | प्रति रु. १५० | प्रति रु. १५० | |
| ६४ | खाता सञ्चालन सिफारिस दस्तुर | प्रति रु. ५०० | प्रति रु. ५०० | |
| ६५ | खाता बन्द सिफारिस दस्तुर | प्रति रु. २०० | प्रति रु. २०० | |
| ६६ | म्याद गुज्रेका खाद्य तथा पेय पदार्थहरुको बिक्री-वितरण जरिवाना | प्रति व्यापारी रु. ५,००० | प्रति व्यापारी रु. ५,००० | |
| ६७ | विद्युत महसुल दस्तुर | प्रति युनिट रु. १० | प्रति युनिट रु. १० | विद्युत महसुल मासिक रुपमा नबुझाएमा थप १० % जरिवाना लाग्नेछ । |
| ६८ | डोजर प्रवेश सेवा शुल्क | - | प्रति वडा प्रति डोजर रु. १०,००० | |

## अनुसूची-८

(दफा १० सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने अवैध मदिरा सम्बन्धी शुल्क जरिवाना**

| क्र.सं. | अवैध मदिरा सम्बन्धी प्रावधान | जरिवाना दर | कैफियत |
|---|---|---|---|
| १. | अवैध तथा कमसल मदिरा उत्पादन तथा विक्रीवितरण गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यापारी रु. १०,००० | |
| २. | अवैध तथा कमसल मदिरा उत्पादन तथा विक्रीवितरण गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यापारी रु. १५,००० | |
| ३. | अवैध तथा कमसल मदिरा ओसारपसार गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यक्ती रु. ५,००० | |
| ४. | अवैध तथा कमसल मदिरा ओसारपसार गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यक्ती रु. १०,००० | |
| ५. | मदिरा सेवन गरी होहल्ला गरी शान्ति बिथोल्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यक्ति रु. ३,००० | |
| ६. | मदिरा सेवन गरी होहल्ला गरी शान्ति बिथोल्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यक्ति रु. ५,००० | |
| ७. | अनुमति नलिई मदिरा बिक्रीवितरण गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यापारी रु. १०,००० | |
| ८. | अनुमति नलिई मदिरा बिक्रीवितरण गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यापारी रु. १५,००० | |
| ९. | तोकिएको समयभन्दा बाहेक समयमा मदिरा बिक्रीवितरण गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यापारी रु. ५,००० | |
| १०. | तोकिएको समयभन्दा बाहेक समयमा मदिरा बिक्रीवितरण गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यापारी रु. १०,००० | |
| **थोक बिक्रेताले बिहान १०:०० देखि बेलुकी ५:०० बजेसम्म र खुद्रा बिक्रेताले बेलुकी ५:०० देखि राती ८:०० बजेसम्म मात्र मदिरा बिक्रीवितरण गर्न पाइनेछ ।** | | | |

## अनुसूची-९

(दफा ११ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने बहाल बिटौरी शुल्क**

| क्र.सं. | बहाल विटौरीको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची–१०

(दफा १२ सँग सम्बन्धित)

### नगरपालिकाले लगाउने पार्किङ शुल्क

| क्र.सं. | सवारी साधनको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची–११

(दफा १३ सँग सम्बन्धित)

### नगरपालिकाले लगाउने न्याफ्टीङ्ग शुल्क

| क्र.सं. | न्याफ्टिङ्ग को प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

| आन्तरिक आयको प्रक्षेपण २०७८/७९ | | | |
|---|---|---|---|
| क्र.सं. | शीर्षक | अनुसूची विवरण | जम्मा रकम रु. |
| १. | भुमि मालपोत कर | अनुसूची १ | १०,००,०००/– |
| २. | घर वहाल कर | अनुसूची २ | २,००,०००/– |
| ३. | व्यवसाय कर | अनुसूची ३ | ११,३५,०००/– |
| ४. | जडीबुटी र काइनेटिङ्ग | अनुसूची ४ | ३०,०००/– |
| ५. | सवारी साधन कर | अनुसूची ५ | १५,०००/– |
| ६. | विज्ञापन कर (व्यापारिक प्रयोजन) | अनुसूची ६ | १०,०००/– |
| ७. | सेवा शुल्क तथा दस्तुर | अनुसूची ७ | १२,००,०००/– |
| ८. | गिट्टी र बालुवा | | १०,००,०००/– |
| ९. | एम्बुलेन्स सेवा शुल्क | | ६,००,०००/– |
| १०. | ट्याक्टर आम्दानी | | १२,००,०००/– |
| ११. | डोजर आम्दानी | | १०,००,०००/– |
| १२. | मदिरा सम्बन्धी दण्ड जरिवाना | अनुसूची ८ | ३,००,०००/– |
| १३. | अन्य कर शुल्क | | ३,१०,०००/– |
| **जम्मा रु.** | | | **८०,००,०००/–** |